# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, कात्तिक ४ गते २०४५ साल (अतिरिक्ताङ्क ४० (क)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट वि.सं. २०४५ साल कार्तिक ४ गते विजया दशमीको शुभ-उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश।

प्यारा देशवासीहरू,

१. हामी नेपालीहरूबीच पारस्परिक सद्भावना, सहयोग र स्नेह बढाउने हाम्रो राष्ट्रिय चाड बडा दशैंको आजको यस सुखद घडीमा स्वदेश र विदेशमा रहेका सबै नेपालीहरूका साथै मानवमात्रको कल्याणका लागि शुभकामना व्यक्त गर्न पाउँदा हामीलाई खुशी लागेको छ।

२. यसवर्ष मुलुकको केही भागमा गएको भूकम्पको साथै बाढीपैह्रोले समेत हामीलाई ठूलो जनधनको क्षति सहनु पर्‍यो। भूकम्पपीडितहरूको उद्धार कार्यमा देशवासीहरूले पुऱ्याएको आफ्नो गच्छे अनुसारको सहयोग ज्यादै उत्साहजनक भएको छ भने विदेशबाट प्राप्त सहयोगको पनि हामी सराहना नगरीरहन सक्दैनौं। आशा छ पुनर्निर्माण र पुनर्स्थापनको दोश्रो चरणको कार्यमा पनि त्यस्तै सेवाभावबाट योगदान मिल्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. गतसाल सम्पन्न भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको तेश्रो शिखर सम्मेलनपछि यस क्षेत्रमा भएका गतिविधिलाई समीक्षा गर्दै भविष्यमा गर्नुपर्ने कामहरूबारे विचार विमर्श गर्ने सिलसिलामा हामीले हालै गरेको सार्क सदस्य राष्ट्र-हरूको भ्रमणबाट हाम्रो क्षेत्रमा आपसी समझदारी तथा सहयोगलाई अझ सुदृढ बनाउन मद्दत पुगेको छ भन्ने हामीलाई लागेको छ।

४. देशमा हाल लागू भइरहेको आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रम सबै देशवासीका लागि एउटा चुनौतीको विषय भएको छ। यस कार्यक्रमलाई केन्द्रको प्रयासबाट मात्रै पूरा गर्न कठिन हुने भएकोले विकेन्द्रीकरणको सिद्धान्त अनुरूप प्रत्येक गाउँ, नगर, इलाका एवं जिल्लाका प्रत्येक व्यक्तिले आ-आफ्नो पञ्चायतलाई समेत सक्रिय पार्दै सफलताका साथ लागू गर्न प्रयत्नशील हुनु परेको छ।

५. अन्त्यमा सदा झैं सम्पूर्ण नेपालीको कल्याण एवं समुन्नति हुने कार्यमा संलग्न हुन सबै नेपालीलाई श्री नवदुर्गा भवानीले प्रेरणा प्रदान गरून् –– यही हाम्रो प्रार्थना छ।

श्री नवदुर्गा भवानीले हामी सबैको रक्षा गरून्।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

६७०



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।